# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
### बल्खु, काठमाडौं ।

मितिः २०७५/११/३०

### चौथो सेमेष्टरको सत्रान्त परीक्षा फाराम भर्ने सम्बन्धी जरुरी सूचना ।

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय डीनको कार्यालयबाट सन्चालित शैक्षिक वर्ष २०१६ देखि अघिका चौथो सेमेष्टरको सत्रान्त परीक्षामा सामेल भई अनुत्तीर्ण वा अनुपस्थित भएका आंशिक परीक्षार्थीहरु तथा स्तरवृद्धि परीक्षा (Make UP Exam) दिने परीक्षार्थीहरुको चौथो सेमेष्टरको सत्रान्त परीक्षा आगामी बैशाख पहिलो हप्ताबाट हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरुलाई मिति २०७५ साल चैत्र १५ गते सम्ममा आ-आफ्नै विभागमा परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ । साथै, सम्बन्धित विभागहरुले फारामहरु रुजु गरी अंग्रेजीको वर्णानुक्रमानुसार मिलाई प्रति विद्यार्थी रु. १०००/- (एक हजार) का दरले यस संकायको डीनको कार्यालय (नेपाल बैंक लिमिटेड, कीर्तिपुर चल्ती खाता नं. ०४५००१०००९९०४५००००१) मा जम्मा गरी सक्कल भौचर सहित अनिवार्य रुपले चैत्र १९ गतेभित्र यस कार्यालयमा पठाउनुहुन समेत अनुरोध गरिन्छ ।

**नोटः** त्रि.वि. मा शैक्षिक वर्ष २०१४ (२०७०/०७१) देखि सेमेष्टर प्रणाली अन्तर्गत सञ्चालित स्नातकोत्तर तहमा अध्ययन गरी वि.सं. २०७५ साल भाद्र मसान्तसम्मको सत्रान्त परीक्षामा सहभागी परीक्षार्थीहरुको शोधपत्र (Thesis) समेतबाट CGPA 3.0 नपुगेका कारण Transcript तथा उपाधि पाउन नसकेका विद्यार्थीहरुलाई पहिलो, दोस्रो, तेस्रो र चौथो सेमेष्टर मध्येबाट कुनै ३ वटा विषयसम्मको मात्र स्तरवृद्धि परीक्षा (Make UP Exam) का लागि फाराम भर्न भराउन सकिने छ । उक्त समयावधि पछिका परीक्षार्थीहरुले भने पहिलो, दोस्रो, तेस्रो र चौथो सेमेष्टर मध्येबाट कुनै २ वटा विषयसम्मको मात्र स्तरवृद्धि परीक्षा (Make UP Exam) का लागि फाराम भर्न सक्ने छन् ।

**सहायक डीन**